काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १८१ | सोमवार, ३० चैत, २०८२ | Monday, 12 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

सूचना केका लागि ?

नागरिक सुसूचित हुन के एउटा सञ्चारमाध्यम मात्र पर्याप्त छ ?

पाठक–श्रोतावर्ग विभिन्न सञ्चारमाध्यमबाट सूचना पाएर सन्तुष्ट हुन्छन्, तर सरकारी सूचनाका लागि सरकारी सञ्चारमाध्यमकै मात्र भर पर्ने बनाउनु उनीहरुको अधिकार खोस्नुसरह होइन र ?

समाचारका स्रोत फरक–फरक भए पनि सूचना र विज्ञापनको स्रोत एउटै हुनुपर्ने नीति सही हो ?

घरभित्र चोर पसेमा चोरलाई भित्रै थुनेर आगो लगाउने कि चोर समातेर कानुनी उपचार गर्ने ?

सरकारी सूचना, सरकारी ठेक्कापट्टाका सबै बोलपत्र सरकारी सञ्चारमाध्यममा मात्र प्रेषित गरी आफ्ना ठेकेदार र सीमित वर्गलाई मात्र पोषण गर्न खोजेको हो कि भन्ने प्रश्न र भाष्य खडा भएको छैन र ?

संविधानले जनताको सुसूचित हुने अधिकार सुनिश्चित गरेको भए पनि सरकारी सूचनाका हकमा सञ्चारमाध्यममा सरकारी र गैरसरकारी भन्ने विभेदले संविधानप्रदत्त अधिकार हनन भएन र ?

अहिले गरिएको विभेदले यो सरकारको गैरसरकारी सञ्चारमाध्यमलाई आर्थिक बहिष्करणमा पार्ने नीतिले प्रेस स्वतन्त्रतालाई नै सङ्कुचित बनाउन खोजेको होइन र ?

नयाँ पुस्ताले भ्रष्टाचार निर्मूल पार्न र भ्रष्टाचारीलाई कारबाही गर्न आफ्नो मत दिएर बहुमत प्रदान गरेको सरकारले भ्रष्टाचार गर्नेलाई कारबाही गर्नुको साटो यो बन्देज लगाउनु कतिको सही कदम हो ?

सरकारी विज्ञापन र सूचना निषेधबाट निजी मिडियाको सङ्कुचनले मुद्रण व्यवसाय, कुरियर व्यवसाय, हकर व्यवसाय, आन्तरिक रोजगारी र भावी पुस्ताको पत्रकारिताको अध्ययन–अध्यापनलाई समेत अवरुद्ध गर्दैन र ?

(सरकारी सूचना र विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशित र प्रेषित गर्ने-गराउने नयाँ सरकारको नीतिविरुद्ध निजी सञ्चारमाध्यमको संयुक्त प्रश्न ।)

सम्पादकीय

मानसिक स्वास्थ्य सेवामा जोड देऊ

कर्णाली प्रदेशका विद्यालयहरूमा मानसिक स्वास्थ्यबारे सुरू भएको संवाद केवल एउटा कार्यक्रम मात्रै होइन । यो समाज रूपान्तरणतर्फको महत्वपूर्ण संकेत पनि हो । यसबारे वीरेन्द्रनगर-१२ स्थित जनजागृति प्राथमिक विद्यालयमा विद्यार्थी, शिक्षक र अभिभावकबीच भएको अन्तरक्रियाले एउटा स्पष्ट सन्देश पनि दिएको छ । मानसिक स्वास्थ्य अब बेवास्ता गर्न मिल्ने विषय नरहेको विज्ञहरू पनि बताउँछन् । हाम्रो समाजमा अझै पनि मानसिक स्वास्थ्यलाई 'पागलपन' वा गम्भीर रोगसँग मात्र जोडेर हेर्ने प्रवृत्ति विद्यमान छ । यस्तो सोचले समस्या झन् जटिल बनाउने मात्र होइन, पीडितलाई झन् एक्ल्याउने काम गर्छ । कार्यक्रममा सहभागी विद्यार्थीहरूले पहिलोपटक आफ्ना भावना, तनाव र व्यवहारबारे खुलेर छलफल गर्न पाउनु आफैंमा सकारात्मक परिवर्तनको संकेत हो । मनका कुरा दबाएर होइन, बाँडेर समाधान खोज्न सकिन्छ भन्ने उनीहरूले सिकेको एउटा महत्वपूर्ण कुरा छ । विद्यालयलाई केवल पाठ्यपुस्तकको ज्ञान दिने थलोका रूपमा मात्र हेर्ने पुरानो दृष्टिकोण अब परिवर्तन हुन जरूरी छ । बालबालिकाको समग्र विकासका लागि उनीहरूको मानसिक अवस्था बुझ्नु र त्यसअनुसार सहयोग गर्नु अनिवार्य भइसकेको छ । शिक्षकहरू केवल अध्यापक होइनन्, उनीहरू विद्यार्थीका मार्गदर्शक र भावनात्मक सहारा पनि हुन् । त्यस्तै अभिभावकले पनि अनुशासनको नाममा कठोरता देखाउनेभन्दा सन्तानको मनोविज्ञान बुझ्ने प्रयास गर्नुपर्छ ।

कार्यक्रममा व्यक्त अभिभावकहरूको अनुभवले सन्तानको व्यवहारलाई केवल 'गल्ती'का रूपमा व्याख्या गर्ने सोच विस्तारै बदलिँदै गएको देखाउँछ । यो परिवर्तनलाई अझ सुदृढ बनाउँदै लैजानु आजको आवश्यकता पनि हो । किनकि घर र विद्यालय दुवै स्थानमा बालबालिकाले पाउने वातावरणले नै उनीहरूको मानसिक स्वास्थ्य निर्धारण गर्छ । मानसिक स्वास्थ्यलाई अझै पनि समाजमा गलत बुझाइका कारण ओझेलमा पारिएको छ । मानसिक समस्या कुनै कमजोरी नभई उपचार र सहयोगबाट सुधार गर्न सकिने अवस्था हो । धेरैजसो मानिसले समस्या हुँदा लुकाउने गर्छन्, तर समयमै खुलेर कुरा गरे समाधान सजिलो हुन्छ । विद्यालय तहबाटै सचेतना बढाउन सके भविष्यमा ठूलो परिवर्तन देख्न सकिन्छ । बालबालिकाको मनोविज्ञान बुझ्न सबै पक्षबीच खुला संवाद र विश्वास आवश्यक छ । विद्यार्थीले आफ्नो कुरा निर्धक्क रूपमा शिक्षक र अभिभावकसँग भन्न सक्ने वातावरण बनाउनुपर्छ । भने अभिभावक र शिक्षक पनि सुन्ने, बुझ्ने र सहयोग गर्ने भूमिकामा रहनुपर्छ । विद्यालय नै बालबालिकाको दोस्रो घर हो । मानसिक स्वास्थ्यलाई समग्र स्वास्थ्यकै महत्वपूर्ण पाटोका रूपमा लिनुपर्ने आवाश्यकता देखिएको छ ।

कर्णाली प्रदेश सरकारले मानसिक स्वास्थ्यलाई प्राथमिकता दिएर काम गर्न थालेको हो । मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्न 'मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना २०७९' अनुसार सामाजिक विकास मन्त्रालयले काम गर्दै आएको छ । सरकारले 'स्वस्थ मन, स्वस्थ जीवन' जस्ता अभियानमार्फत मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राख्नु स्वागतयोग्य कदम हो । तर यस्ता कार्यक्रम एकपटकका औपचारिक गतिविधिमा सीमित भए भने यसको प्रभाव दीर्घकालीन हुन सक्दैन । यसलाई निरन्तरता दिँदै विद्यालयको पाठ्यक्रम, शिक्षक तालिम र समुदायस्तरका गतिविधिसँग जोड्नु आवश्यक छ । विशेषगरी कर्णालीजस्तो भौगोलिक र सामाजिक रूपमा चुनौतीपूर्ण क्षेत्रमा मानसिक स्वास्थ्य सेवा विस्तार गर्नु झन् महत्वपूर्ण छ । सीमित स्रोतसाधनबीच पनि सरकारले बजेट विनियोजन गर्दै कार्यक्रम अघि बढाउनु सकारात्मक संकेत हो, तर यसको प्रभावकारी कार्यान्वयनमा उत्तिकै ध्यान दिनुपर्छ । किनकी मानसिक स्वास्थ्य कुनै एक पक्षको जिम्मेवारी मात्रै होइन । विद्यार्थी, शिक्षक, अभिभावक र सरकार–सबैको साझा प्रयासबाट मात्र स्वस्थ समाज निर्माण सम्भव छ । जनजागृति विद्यालयमा सुरू भएको 'मनका कुरा' गर्ने अभ्यासलाई देशभर विस्तार गर्न सकियो भने मात्र 'स्वस्थ मन, स्वस्थ जीवन' भन्ने नाराले वास्तविक अर्थ पाउनेछ ।

यस्तो पाराले देशमा कसरी शान्ति आउँछ!'



झट्ट हेर्दा कलेज जीवनको उत्तरार्द्धका देखिने ती ठिटा छात्रवृत्तिको घनचक्करमा विदेश उड्न नपाएर यतै अड्किरहेको उनीहरूको बातचितबाटै बुझिन्थ्यो । गाउँबाट दुःखजिलो गरी सहरमा पढ्न राजधानी छिरेका उनीहरू देशको ताल देखेर त्यसै बिरक्तिएको उनीहरूको प्रत्येक लवजले बताउँथ्यो ।

शंकर दाहाल

'अब त गरेर खान पाउनुपऱ्यो नि ! शान्ति चाहियो...'

नयाँ बानेश्वर चोकको आडमै रहेको कफी सपभित्र दुई युवक चियाको चुस्की लिँदै गफिँदै थिए । उनीहरूले राखेको शान्तिको खोजको कारण थियो– एमाले अध्यक्ष केपी ओली पत्राउपछिको प्रदर्शन ।

'भोटै दिएर जिताएपछि त मान्नुपर्छ है!'

कुराकानीमा उनीहरू नयाँ जनमतबाट बनेको सरकारलाई समर्थन गर्नुपर्छ पनि भन्दै थिए ।

संयोग पनि कस्तो, ६ महिनाअघि यही नयाँ बानेश्वर चोकमा जेनजी आन्दोलनको एपिसेन्टर थियो । अहिले एमाले समर्थक पनि यहीं आन्दोलनरत छन् । अनि साक्षी चाहिँ जलेर जीर्ण भएको संसद भवन ठिंग उभिएको थियो । लाग्थ्यो – धुवाँको गन्ध अझै हामीले सुँघ्न सक्थ्यौं ।

झट्ट हेर्दा कलेज जीवनको उत्तरार्द्धका देखिने ती ठिटा छात्रवृत्तिको घनचक्करमा विदेश उड्न नपाएर यतै अड्किरहेको उनीहरूको बातचितबाटै बुझिन्थ्यो । गाउँबाट दुःखजिलो गरी सहरमा पढ्न राजधानी छिरेका उनीहरू देशको ताल देखेर त्यसै बिरक्तिएको उनीहरूको प्रत्येक लवजले बताउँथ्यो ।

कफीको कपबाट उडिरहेको तातो बाफसँगै बाहिरको दृश्य पनि तातिएको थियो । काम विशेषले अन्तै जानुपर्ने म पनि बानेश्वरमा अड्किएपछि चिया, कफीको सहारामा त्यहीं रोकिएको थिएँ ।

तर ओली समर्थकले ६ महिनापछि सडक तताएपछि ती दुई भाइ आक्रोशित थिए ।

ओलीको रिहाइको माग गर्दा सडकमा केहीबेरअघि अराजक भएका युवाको सन्दर्भ कोट्याउँदै एक युवकले भने, 'देश बिगार्ने यिनै होइनन्? यिनले देशमा शान्ति आउन दिन्छन्?'

उनीहरूको टेबलको सामुन्ने चिया खाँदै मोबाइलमा एकटकले स्क्रोल गरिरहेका अर्का एक अपरिचित युवक अकस्मात ती दुई भाइको गफमा मुख खोले, 'कस्तो शान्ति हो भाइहरू? हिजो यहीं पेट्रोल छर्केर आगो लगाउनेहरूलाई पनि आज शान्ति नै त चाहिएको होला नि, होइन?'

लौ पऱ्यो फसाद – आफ्नै गफमा केन्द्रित दुई युवक अक्क न बक्क परे । नचिनेको मान्छेलाई नसुनेझैं गरौं वा शान्ति ल्याउन गफिएका दुई सदस्यीय युवाहरू अर्को टेबलबाट आएको खुला चुनौतीलाई प्रतिकार गरौं!

त्यही केही क्षणको मुखामुखपछि पहिलो युवक बिस्तारै बोले, 'हिजोको आन्दोलन त आवेगमा थियो नि दाइ...अवस्था नै त्यस्तो थियो... ।'

यत्तिकैमा बाहिर प्रहरीले एउटा भिड लखेटेपछि सुरू हुने लागेको दुई युवक भर्सेस एक युवकको 'शान्तिको खोजीः एक विमर्श' सुरू हुन नपाउँदै बिथोलिएझैं भयो ।

कफी सपभित्रको त्यो संवाद केवल दुई व्यक्तिबीचको बहस मात्रै थिएन । अथवा शान्ति खोज्नेहरूलाई अपरिचितले चुनौती दिएर शान्तिका तत्व खोज्न दिएको चुनौती मात्र थिएन, अहिलेको सामाजिक परिवेशको सचित्र बयान पनि थियो ।

कतै त्यो हिजोको उन्माद र उन्मादपछिको शान्तिको खोजी पनि थियो ।

बाहिर प्रहरीको हुल भर्सेस ओली समर्थकबीच 'टम एन्ड जेरी' खेल सामान्य बन्दै थियो, कफी सपमा भएकाहरू आफ्नै लयमा गफिँदै पनि थिए ।

चिया, कफी खाँदै त्यही छलफलमा म आफै चुपचाप अप्रत्यक्ष रूपमा सहभागी थिएँ – छेउछाउका टेबलका हल्लाखल्लाबीच दुई युवाको शान्ति विमर्शले फेरि निरन्तरता पाउन थाल्यो ।

बाहिरको वातावरण केही शान्त बन्दै थियो, अपरिचित युवकले ती दुई युवकको ध्यान आकृष्ट गर्न खोज्दै भने, 'भाइ हो, जेनजीका नाममा भएको आन्दोलनपछिका दिनलाई शान्तिको खोजी त भन्न नमिल्ला?'

अब भने दुई युवक पनि जोसिएको भान भयो, प्वाक्क एक युवकले भने, 'दाइ, त्यो आन्दोलन त खराबलाई हटाउन थियो, होइन र?'

सँगैका अर्का युवक पनि बोले, 'तपाईंहरूले पनि बुझ्नुपऱ्यो दाइ, भ्रष्टाचारको विरोध, सुशासनको खोजीको त्यो आन्दोलन शान्तिकै लागि थियो ।'

जेनजी आन्दोलनपछि देश अशान्त भयो भन्ने ती अपरिचितको तर्कलाई दुई युवकले प्रतिकार गर्दै आन्दोलनको अन्तर्य बताएपछि भने दुई टेबलमा शान्तिको विमर्श राम्रै चल्ला भन्ने मलाई लाग्यो । तर अपरिचित युवक आक्रोशित भएनन् । सम्हालिँदै उनले दुई युवकलाई प्रश्न गरे, 'मास हिस्टेरियाको जगमा बनेको सत्ता संरचनाले के साँच्चै शान्तिको अभ्यास गर्न सक्छ?'

दुई युवकले प्रश्नको उत्तर दिन नपाउँदै ती अपरिचित फेरि अघि बढ्दै भने, '...किनकि हिजो जे भयो, त्यो केवल विरोध थिएन है भाइ हो । त्यहाँ हिंसा सबैभन्दा अघिल्तिर थियो, त्यो उन्मादबाट निर्देशित थियो ।'

बसिरहेको कफी सपको मेच दुई युवकतिरै फर्काउँदै अपरिचितले एकोहोरो तर्क गर्न थाले, 'जहाँ सार्वजनिक सम्पत्ति जलाइए, नेताका निजी घरहरू निशानामा परेर खरानी भए, व्यापारिक प्रतिष्ठानहरूसमेत ध्वस्त पारिए ।'

अपरिचितले केही बुझाउन खोज्दै जेनजी आन्दोलनबारे केही प्रकाश पार्न खोजे । जबाफमा दुई युवकले आन्दोलनले तत्कालीन सरकारलाई निशाना बनाएकाले यावत कुराहरू भए, कतिपय गलत पनि भएका हुन सक्छन् भनी अपरिचितलाई दुई युवाहरूले पनि आश्वस्त पार्न खोजे ।

अपरिचित युवालाई चित्त बुझेनछ । मेचलाई अझै अघि सार्दै गम्भीर मुद्रामा उनले युवकहरूलाई प्रश्न सोधे, 'तपाईंहरू असहमत हुन सक्नुहुन्छ, तर जाँचबुझ आयोगले भदौ २४ बारे कुरै गर्न चाहेन, किन?'

प्रश्नसँगै अपरिचितले थप भने, '...र त्यो भदौरे भीडमा उन्माद बोक्नेहरूलाई नै आज शान्ति चाहिएको छ भन्ने सुन्दा कम्तिमा मलाई चाहिँ आश्चर्य लाग्छ ।'

वार्तालाप अन्त्यहीन हुँदै गएको थियो । कुरो ठिक वा बेठिकमा टुंगिने अवस्था नदेखिएपछि साँझ पर्दै गएको संकेतले म भने त्यहाँबाट उठें ।

काउन्टरमा कफीको पैसा तिरेर निस्कँदा गेटै बाहिर हिँडिरहेका केही युवाहरूको समूहबीच फेरि उस्तै कुरा सुन्न पाएँ, 'यस्तो पाराले देशमा कसरी शान्ति आउँछ?'

उनीहरू भन्दै थिए, '...गर्नै दिँदैनन् ।'

उनीहरूको भावभंगी, शैली, स्वभाव हेर्दा आकलन गर्न सकिन्थ्यो– हिजो यिनै जेनजीका नाममा प्रहरीमाथि ढुंगामुढा गर्दै अगाडि बढ्नेमा थिए ।

किनभने उनीहरू भन्दै थिए, 'हिजोको सरकारको अहंकार ढाल्न हामी अघि सरेका हौं । संसद भवन त्यसै जलेको होइन ।'

झिस्मिसे अँध्यारो हुँदै थियो, सडकमा गाडी एकोहोरो हुइँकिरहेका थिए ।

ती युवाहरू हिँडिरहेकै पछिपछि थिएँ म । तर हिजो जो आक्रोशित भएर आगो लगाए, उनीहरूनै आज शान्तिको खोजीमा निस्किएको देख्दा मलाई कफी सपको अपरिचित युवकको सम्झना आयो ।

लाग्यो, यहाँ ऊ भए कति प्रतिवाद गर्थ्यो होला!

मैले मनमनै प्रश्न गरें – भाइ हो, तिमीहरूले खोजिरहेको शान्ति कस्तो हो?

अनायास मेरो मुखबाट निस्कियो– मुर्दा शान्ति !

नयाँ बानेश्वर चोकबाट पैदलै संसद भवनको मार्गबाट मीनभवनतर्फ मेरो गन्तव्य थियो ।

हिँड्दै गर्दा अनेकन कुरा मनमा आइरह्यो– के लोकतन्त्र वास्तवमा चुनाव जित्ने प्रक्रिया मात्रै हो त?

०६२/०६३ सालको राजनीतिक परिवर्तन लोकतन्त्रप्रतिको चाहना थियो । जति बेला वैयक्तिक स्वतन्त्रतामाथि अंकुश लागेको अवस्था थियो ।

लोकतन्त्रबारे विश्व प्रसिद्ध लेखकहरूको सारतत्वलाई एउटै शब्दमा भन्ने हो भने, लोकतन्त्र भनेको 'व्यवहार' हो ।

अर्थात्, लोकतन्त्रमा असहमति पनि सुरक्षित हुन्छन्, विरोध पनि मर्यादित हुन्छ, र त्यहाँ शक्ति प्रयोगको सीमा पनि निश्चित गरिएको हुन्छ ।

झिसमिसे अध्याँरोमा बाटो पारि संसद भवन ठिंग उभिरहेको देख्दा मनमा प्रश्न उब्जियो– लोकतन्त्रको बहस गर्ने थलो, यो संसद भवनप्रति युवाहरू किन आक्रोशित बने होला?

कतै कफी सपको अपरिचित युवकले भने जस्तै उन्मादले भरिएको त्यो आन्दोलन अराजक भएका कारण आँखा नदेखेको परिणामले संसद भवन आफै खरानी हुनुपरेको त होइन?

कफी सपभित्रको संवाद फेरि सम्झिन्छु– अब त शान्ति चाहियो... ।

तर शान्ति केवल इच्छा होइन, अभ्यास हो । हिंसालाई वैधता दिएर शान्ति माग्नुको तुक हुँदैन । किनकि हिंसाले एकपटक समाजमा ठाउँ पायो भने त्यो कसैको नियन्त्रणमा रहँदैन ।

घर फर्किँदै गर्दा त्यस साँझ विगतदेखि वर्तमानको सम्झना भयो र अनायास कोतपर्व सम्झें ।

कोतपर्वको इतिहास कोट्याएर हेर्दा हिंसाको जगमा बनेको सत्ताका अवगुणहरू सम्झिएँ ।

कोतपर्वको इतिहासलाई केलाउँदा त्यो केही समयका लागि शक्तिशाली वास्तवमै देखिन्थ्यो, तर भित्रभित्रै अस्थिर थियो ।

कोतपर्वबाट उदाएका जंगबहादुरको उदय र पतनले यही भन्छ । आज देखिएको शान्ति पनि फगत त्यस्तै त होइन– बाहिर शान्त, भित्र असन्तुष्ट ।

अन्तिम प्रश्न फेरि उही हो– अहिलेको अवस्था हेर्दा, के वास्तवमै हामीले शान्ति रोज्न हिजो भड्किएका थियौं? वा अहिले थाकेर चुप बसेका हौं?

यदि अहिलेको सन्नाटा डरको परिणाम हो भने यो शान्ति होइन– केवल 'मुर्दा शान्ति' हो ।

सूचनाको हक कानुनको कार्यान्वयन सरकारको प्राथमिकता



उमिद बागचन्द

नेपालको अधिराज्यको संविधान, २०४७ मा सूचनाको हकको व्यवस्था गरिएको थियो तर प्राथमिकतामा पर्न सकेन । संविधान कार्यान्वयनको १६ वर्ष बितिसक्दा पनि कतैबाट सूचनाको हकले स्थान पाएन । देशमा २०६२/६३ सालको जनआन्दोलनपछि जारी गरिएको अन्तरिम संविधानमा उल्लेखित प्रावधानअनुसार २०६४ सालमा सूचनाको हकसम्बन्धी ऐन २०६४ आयो र राष्ट्रिय सूचना आयोगको गठन भयो ।

२०६५ सालमा सूचनाको हकसम्बन्धी नियमावली पनि बन्यो । यति मात्र होइन, संविधानसभाबाट निर्मित नेपालको संविधान २०७२ को धारा, २७ मा सूचनाको हकलाई मौलिक हकका रुपमा व्यवस्था गरियो । यो कानुन खासगरी राज्यका कामकारबाहीलाई जबाफदेही र जिम्मेवार बनाउने तथा जनतालाई सुशासनको अनुभूति गराउने कानुन हो ।

देश भ्रष्टाचारले चुर्लुम्मै डुब्दा पनि यो सूचनाको हकसम्बन्धी कानुनको व्यावहारिक रुपमा कार्यान्वयनमा विगतदेखि नै राज्यको सक्रियता देखिएन । यो कानुनको व्यावहारिक प्रयोगले भ्रष्टाचार कम हुन्छ भन्ने कुरासम्म बुझ्न सरकार तयार हुन सकेन ।

यो कानुनअन्तर्गत बनेको राष्ट्रिय सूचना आयोग अन्य आयोगभन्दा शक्तिशाली भएकै कारण यो आयोगको भूमिका स्थायी सरकारमा रहेकाहरूले न्यून गर्दै आएको देखिन्छ । यो आयोगमा सुरुमा सचिवको दरबन्दी रहेकामा अहिले सहसचिवको दरबन्दी कायमा गरिएको छ ।

सचेतनामूलक कार्यक्रमलाई व्यापकता दिनुपर्नेमा हरेक वर्ष बजेट घटाउँदै जाँदा यसको भूमिका सीमित बन्न थालेको अनुभव हुन थालेको छ ।

पछिल्लो समयमा राष्ट्रिय सूचना आयोग पनि अनुगमन गर्नेभन्दा पनि आफूलाई सरकारी कार्यालय मात्र सम्झिन थालेको टिप्पणी हुन थालेको छ । अहिले सूचनाको हकसम्बन्धी कानुनको उद्देश्यअनुसार सूचना दिलाउनेतर्फ भन्दा पनि सूचना मागकर्तालाई हतोत्साहित बनाउनेतर्फ लागेको देखिन्छ । नेपालमा भ्रष्टाचार न्यूनीकरण गर्न सूचनाको हक राजनीतिक दलको एजेन्डा बन्नुपर्ने बन्न सकेन । विगतमा सूचना मागकर्ताको सङ्ख्या बढाउने र सूचना माग्ने कार्यलाई व्यावहारिक बनाउनेतर्फ आयोग र अभियानकर्ता केन्द्रित भएका थिए । यो कानुन आएको अहिले १८ वर्ष पार हुँदै गर्दा पनि आम नागरिकले सूचना माग्न खासै तत्परता देखाएको पाइँदैन ।

पहुँच नभएका जनताका लागि बढी महत्त्व हुने यो कानुन उनीहरूसम्म पुग्न अझै सकेको छैन । यसो हुनुको मुख्य कारण राज्यका संयन्त्रमा रहेका जिम्मेवार व्यक्तिहरूको बुझाइमा स्पष्ट नहुनु, थाहा हुँदाहुँदै पनि सूचना दिन नपरोस् भन्ने मानसिकता रहनु, सूचना मागकर्तालाई दुःख दिने, कानुनका रुपमा मात्र बुझ्ने गरेका यो कानुनको कार्यान्वयनमा तीव्रता आउन सकेको छैन ।

मान्छेले जन्मिएदेखि मरेर अन्तिम संस्कार गदासम्म कर तिरेकै हुन्छ, आफूले तिरेको कर कहाँ र कसरी खर्च भइरहेको छ भन्ने जान्ने अधिकार प्रत्येक जनतालाई छ । यही कुरालाई सहज बुझाइका साथ अघि बढाउन आवश्यक छ । यसका साथै सरकार ीस्तरमा अनुगमन र समन्वयका लागि बनेका सबै संयन्त्रको सक्रियता उत्तिकै आवश्यक छ ।

साँच्चै देशलाई भ्रष्टाचारमुक्त बनाउने हो भने राजनीतिक दल, दलका नेता, कार्यकर्तालाई सूचनाको हकको महत्त्व, आवश्यकता र यसको प्रयोगबाट हुने फाइदाबारे बुझाउन र बुझ्न जरुरी देखिन्छ ।

प्रधानमन्त्रीको कार्यालयमा मुख्यसचिवको संयोजकत्वमा रहेको वर्गीकरण समिति छ, सञ्चार मन्त्रालयमा सचिवको संयोजकत्वमा अनुगमन इकाइ छ, प्रदेश सरकारका प्रमुख सचिवको संयोजकत्वमा रहेको अनुगमन समिति र जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ला अनुगमन समितिलाई सक्रिय बनाउनुपर्ने देखिन्छ ।

सूचनाको हकसम्बन्धी कानुन के हो भनेर बुझाउनुपर्ने अवस्था छ । राष्ट्रिय सूचना आयोगलाई अनुगमनमा जोड र सूचना माग्नेलाई सहज रुपमा दिलाउनेमासक्रियबनाउनुपर्नेदेखिन्छ । स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म नागरिक स्तरबाट हुने सूचनाको हकसम्बन्धी अभियानहरूमा साझेदारी गर्नुपर्ने हुन्छ ।

अहिले आयोगबाट आफू पनि नगर्ने अरूलाई पनि गर्न नदिने जस्तो अवस्था देखिएको छ । विगतमा राष्ट्रिय सूचना आयोग र स्वयंसेवी संस्थाहरू, सूचनाको हकका लागि राष्ट्रिय महासङ्घसँग मिलेर काम गर्ने गरेको धेरै उदाहरण छन् । अहिले आफ्नै किसिमले स्रोत नहुँदा हुँदै पनि देशभर सङ्गठन बनाएर महासङ्घ अघि बढिरहेको देखिन्छ ।

समुदायस्तरमा समुदाय जागरण अभियान र काठमाडौँ उपत्यकाभित्र विद्यालयतथाकलेजस्तरीयजागरण अभियान सञ्चालन गरिरहेको छ भने सूचना माग्ने अभियानलाई पनि तीव्रता दिएको छ । स्रोत नभएका कारण जसरी गर्नुपर्ने हो, त्यसरी व्यापकता पाउन सकेको छैन । यसका लागि सरकारी स्तरबाट हातेमालो हुन आवश्यक छ ।

भ्रष्टाचार अन्त्यको अभियानमा सूचनाको हक महत्त्वपूर्ण औजार हुन सक्छ । राज्यका निकाय वा सार्वजनिक निकायको लगानीमा हुने योजनाहरूको बिल भर्पाई सार्वजनिक गर्नुपर्छ भन्ने सबैलाई बुझाउन जरुरी छ ।

गलत भएको छ भने कारबाहीमा परिन्छ भन्ने पनि वातावरण सिर्जना हुनुपर्छ । यस्तो भए स्वतः गलत काम रोकिन्छ । यो कुरा सरकार र नागरिकस्तरबाट बुझ्न र बुझाउन जरुरी छ ।

नागरिक स्तरबाट पनि बुझाउने गरिएको प्रयासलाई सहज रुपमा लिने गरिएको पाइँदैन । यसका केही चुनौतीहरूको समाधानका लागि केही उपायहरूको आवश्यकता छ ।

पहिलो, सरकार र सार्वजनिक निकायहरूले सूचनाको हकलाई गम्भीर रूपमा लिई समयमै सूचना उपलब्ध गराउने संस्कारको विकास गर्नुपर्छ ।

दोस्रो, पत्रकारहरूको क्षमता अभिवृद्धि गर्न तालिम, स्रोत साधन र प्रविधिको पहुँच बढाउन आवश्यक छ । तेस्रो, पत्रकार हरूको सुरक्षा सुनिश्चित गर्न कडा कानुनी व्यवस्था र त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्छ ।

साथै, सञ्चारमाध्यमले पनि आफ्नो पेसागत आचारसंहिता पालना गर्दै निष्पक्ष र सत्यतथ्यमा आधारित समाचार प्रस्तुत गर्न सूचनाको हक प्रयोग गर्नुपर्छ । सूचनाको हकको प्रभावकारी कार्यान्वयन बिना लोकतन्त्र सुदृढ हुन सक्दैन । यसमा सूचनाको हकको भूमिका अत्यन्त महत्त्वपूर्ण र अपरिहार्य छ ।

नागरिकलाई सशक्त बनाउने, सरकारलाई जबाफदेही गराउने र समाजमा पारदर्शिता ल्याउने कामलाई सञ्चारमाध्यमले प्राथमिकता दिनुपर्ने हुन्छ । त्यसैले सूचनाको हकलाई व्यावहारिक रुपमा कार्यान्वयन गर्ने कार्यलाई सफल बनाउन राज्य, नागरिक समाज र पत्रकारिता क्षेत्रको समन्वयात्मक भूमिका आवश्यक छ । सुशासन, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्दै समृद्ध र लोकतान्त्रिक समाज निर्माण गर्न सकिन्छ । यो कानुन जनताका पक्षमा रहेको महत्त्वपूर्ण कानुन हो ।

यो कानुन ल्याउन नेपाल पत्रकार महासङ्घको महत्त्वपूर्ण भूमिका थियो । सूचनाको हक र सञ्चारसँग सम्बन्धित कुनै पनि काम कारबाहीका लागि अहिले पनि पत्रकार महासङ्घलाई सरकारले समितिमै राखेर सुझाव दिने अवसर प्रदान गरेको छ । यति मात्र होइन, राष्ट्रिय सूचना आयोगको गठनमा निर्णय गर्ने भूमिका दिइएको छ ।

शैक्षिक सत्र अगाबै पुग्यो पाठ्यपुस्तक



काँक्रेविहार संवाददाता
जुम्ला, २९ चैत

हिमाली जिल्ला जुम्लामा यस वर्ष नयाँ शैक्षिक सत्र सुरु हुनुअघि नै पाठ्यपुस्तक उपलब्ध भएको छ।

विगतमा ढिलो पुग्ने समस्या भोग्दै आएका विद्यार्थीका लागि यो पटक समयमै पुस्तक आइपुग्नु राहतको विषय बनेको छ।

खलङ्गा बजारस्थित सन्ध्या स्टेसनरीका सञ्चालक सुमन खड्काका अनुसार कक्षा १ देखि १० सम्मका करिब पाँच-पाँच सय सेट पाठ्यपुस्तक जिल्लामा आइपुगेका छन्।

सामुदायिक विद्यालयको मागअनुसार थप पुस्तक पनि उपलब्ध गराइने उनले बताए। जुम्लाका विद्यालयमा जिपी स्टेसनरी र सन्ध्या स्टेसनरीमार्फत पुस्तक बिक्री वितरण हुँदै आएको छ।

जिल्लाभर करिब १ सय ४५ सामुदायिक विद्यालय रहेका छन्। भगवती आधारभूत विद्यालयका प्रधानाध्यापक भीमबहादुर थापाका अनुसार यसअघि शैक्षिक सत्र सुरु भइसक्दासमेत विद्यार्थीले पुस्तक पाउन नसक्ने अवस्था थियो।

तर यस वर्ष विद्यालय सञ्चालनअघि नै पुस्तक उपलब्ध हुँदा पठनपाठन सहज हुने विश्वास गरिएको छ। जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको प्रादेशिक कार्यालय नेपालगन्जले कर्णाली प्रदेशका विभिन्न जिल्लामा समयमै पुस्तक वितरण गरेको हो।

कार्यालयका प्रमुख रुद्र खनालका अनुसार चैत २४ गतेसम्म ४ लाख ६२ हजारभन्दा बढी पाठ्यपुस्तक बिक्री-वितरण गरिएको छ।

उक्त कार्यालयमार्फत कर्णालीका पाँच तथा लुम्बिनी प्रदेशका पाँच गरी १० जिल्लामा पुस्तक पठाइँदै आएको छ।

सरकारले नयाँ शैक्षिक सत्र २०८३ वैशाख १५ गतेदेखि सुरु गर्ने निर्णय गरिसकेको छ, र यसपटक भर्ना अभियानसँगै विद्यार्थीले पुस्तक पनि पाउने अपेक्षा गरिएको छ।

त्यस्तै जाजरकोटमा पनि समयमै पुस्तक वितरण जाजरकोटमा पनि नयाँ शैक्षिक सत्र सुरु हुनुअघि नै पाठ्यपुस्तक पुग्न थालेका छन्।

जनक शिक्षा सामग्री केन्द्रबाट अनुमति प्राप्त व्यवसायीहरूले पुस्तक खरिद गरी जिल्लाभित्र वितरण सुरु गरेका हुन्। शिक्षा विकास तथा समन्वय एकाइ जाजरकोटका प्रमुख यज्ञश्वर खत्रीले पुस्तक आउने क्रम जारी रहेको जानकारी दिए।

स्थानीय तहमार्फत विद्यालयसम्म पुस्तक पुऱ्याउने काम भइरहेको उनले बताए। ठाँटी बजार स्थित राजेन्द्र एन्ड देवेन्द्र पुस्तक पसलका सञ्चालक देवेन्द्रप्रसाद शर्माका अनुसार जिल्लाका धेरै विद्यालयमा पाठ्यपुस्तक पठाइ सकिएको छ।

शिक्षक डिलबहादुर खत्रीले पनि विद्यालयमा पुस्तक पुगिसकेको पुष्टि गरे। शिवालय गाउँपालिकाका शिक्षा शाखा प्रमुख मानबहादुर बस्नेतले केही दिनभित्रै सबै विद्यालयका विद्यार्थीको हातमा पुस्तक पुग्ने विश्वास व्यक्त गरे।

जाजरकोटमा ४ सय २३ सामुदायिक विद्यालय रहेका छन्, जहाँ कक्षा १ देखि १० सम्मका विद्यार्थीलाई सरकारले निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउँदै आएको छ।

कर्णालीमा विमानस्थल छन्, उडान छैनन्

काँक्रेविहार संवाददाता
कालीकोट, २९ चैत

कर्णाली प्रदेशका हिमाली तथा दुर्गम जिल्लामा सडक पहुँच अझै कमजोर रहेकाले हवाई सेवा यहाँका नागरिकका लागि विलासिता होइन, जीवनरेखा नै बनेको छ।

पर्याप्त हवाई पूर्वाधार हुँदा हुँदै पनि यहाँका बासिन्दाले सहज यात्रा गर्न पाएका छैनन्। कर्णालीका १० जिल्लामध्ये कालिकोटको सुनथराली विमानस्थलमा भने निर्माण सम्पन्न, परीक्षण उडान र उद्घाटन भए पनि नियमित सेवा सुरु हुन सकेको छैन।

स्थानीय तहका अनुसार निजी कम्पनीले नाफा नदेख्ने र नेपाल वायुसेवा निगमले जहाज अभाव देखाउँदा सेवा सुरु हुन नसकेको गुनासो छ।

त्यस्तै सल्यान, दैलेख र जाजरकोटमा विमानस्थल छैनन् भने बाँकी सात जिल्लामा नौ वटा विमानस्थल रहेका छन्।

तीमध्ये केही विमानस्थल सञ्चालनमै छैनन् भने केहीमा नियमित उडान हुन सकेका छैनन्। करोडौँ लगानीमा निर्माण गरिएका संरचना प्रयोगविहीन हुँदा नागरिकले सास्ती भोग्नुपरेको छ।



रुकुम पश्चिमको चौरजहारी विमानस्थल पाँच वर्षदेखि बन्द अवस्थामा छ। २०७२ सालमा धावनमार्ग कालोपत्रे गरिए पनि हाल जहाज नआउँदा यो मैदानजस्तै बनेको छ।

यसले रुकुम पश्चिम, जाजरकोट र सल्यानका स्थानीय हवाई सेवाबाट वञ्चित भएका छन्। डोल्पाको मसिने चौर विमानस्थल पनि प्रयोग विहीन छ।

जुफालको विकल्पका रूपमा निर्माण गरिएको यो विमानस्थल दशक बित्न लाग्दा पनि सञ्चालनमा आउन सकेको छैन।

कर्णाली प्रदेशको मुख्य समस्या भनेको प्रदेश राजधानी सुर्खेतबाट दुर्गम जिल्लामा सिधा हवाई सेवा नहुनु हो। हुम्ला, मुगु, डोल्पा र जुम्ला जानका लागि यात्रुले पहिले नेपालगन्ज पुग्नुपर्ने बाध्यता छ।

तारा एयरले केही समय सुर्खेतबाट उडान सुरु गरे पनि यात्रु अभाव र लागत बढेको भन्दै सेवा छिट्टै बन्द गरेको छ।

हाल सुर्खेतबाट काठमाडौंसम्म मात्र नियमित उडान हुने गरेको छ। यसले आफ्नै प्रदेशभित्र यात्रा गर्न पनि अन्य प्रदेशको भर पर्नुपर्ने अवस्था सिर्जना गरेको छ।

प्रदेश सरकारले आन्तरिक हवाई सेवा प्रवर्द्धनका लागि इन्धन सहुलियत दिन भन्दै बजेट विनियोजन गर्दै आएको छ। हालसम्म करिब ७ करोडभन्दा बढी रकम छुट्याइए पनि स्पष्ट कार्यविधिको अभावमा अधिकांश बजेट खर्च हुन सकेको छैन।

चालू आर्थिक वर्षमा पनि बजेट छुट्याइएको छ र कार्यविधि तयार हुने चरणमा रहेको बताइएको छ। यद्यपि, नीति तथा कार्यक्रममा समेटिएका योजना कार्यान्वयनमा भने प्रगति देखिएको छैन।

हवाई सेवाको कमजोर अवस्थाप्रति चासो राख्दै कर्णाली प्रदेशसभाले हालै दुर्गम जिल्लामा नियमित हवाई सेवा सञ्चालनका लागि ६ बुँदे संकल्प प्रस्ताव पारित गरेको छ।

यसमा संघीय सरकारसँग समन्वय र सहुलियत व्यवस्था गर्ने उल्लेख छ। तर स्थानीय नागरिक भने कागजी प्रतिबद्धताबाट निराश भइसकेका छन्।

सडक सेवा कमजोर भएकाले हवाई सेवा नै भरपर्दो विकल्प भए पनि त्यसको अभावले समस्या झन् गम्भीर बनेको छ।

कर्णालीमा जटिल बिरामी तथा गर्भवती महिलाको उद्धारका लागि अझै हेलिकोप्टरकै भर पर्नुपर्ने अवस्था छ। एक वर्षमै दुई दर्जनौ भन्दा बढी गर्भवती तथा सुत्केरीको हवाई उद्धार गरिएको तथ्यांकले पनि यसको आवश्यकता पुष्टि गर्छ।

यदि नियमित र सुलभ हवाई सेवा सञ्चालनमा आएमा यस्ता आकस्मिक अवस्थामा राहत पुग्ने देखिन्छ कर्णालीका विमानस्थलका धावनमार्ग तयार छन्, तर सेवा अभावले ती निष्क्रिय जस्तै बनेका छन्।

प्रभावकारी समन्वय, नीतिगत स्पष्टता र प्रतिबद्ध कार्यान्वयन बिना कर्णालीका नागरिकले सहज हवाई सेवा पाउने सम्भावना अझै टाढा देखिन्छ।

६ महिनामा २ सय ७० फरार प्रतिवादी पक्राउ

काँक्रेविहार संवाददाता
नेपालगञ्ज, २९ चैत

जिल्ला प्रहरी कार्यालय बाँकेले चालू आर्थिक वर्षको पछिल्लो ६ महिनामा २ सय ७० जना फरार प्रतिवादी पक्राउ गरेको जनाएको छ।

अदालतबाट सजाय तथा जरिवाना तोकिए पनि फरार रहेका उनीहरूलाई प्रहरीले खोजी गरी पक्राउ गरेको हो।

प्रहरी नायब उपरीक्षक तथा प्रवक्ता दीपक पातलीका अनुसार पक्राउ परेका प्रतिवादीबाट ३ करोड ३५ लाख ३४ हजार ४ सय ९८ रुपैयाँ जरिवाना असुल गरिएको छ।

उनीहरूलाई विभिन्न मुद्दामा कुल १ सय २५ वर्ष १ महिना ९ दिन कैद सजाय तोकिएको थियो। सोही अवधिमा बाँकेमा एक हजार एक सय ३२ वटा मुद्दा दर्ता भएका छन्। तीमध्ये नौ सय ३९ जना अभियुक्त पक्राउ गरी कानुनी कारबाही अघि बढाइएको प्रहरीले जनाएको छ।

लागुऔषध नियन्त्रण अभियान अन्तर्गत पछिल्लो ६ महिनामा दुई सय १२ जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा एक सय ९१ पुरुष, नौ महिला र १२ जना भारतीय नागरिक रहेका छन्।

प्रहरीका अनुसार यस अवधिमा एक किलो पाँच सय ग्रामभन्दा बढी ब्राउन सुगर, पाँच किलोभन्दा बढी गाँजा, पाँच मिलिलिटर कोरेक्स, दुई हजार सात सय नौ ट्याब्लेट नाइट्रोजेपाम र चार हजार एक सय ७२ क्याप्सुल ट्रामाडोल बरामद गरिएको छ।



प्रहरी कहाँ परेको तिन सय ८८ जना हराएको निवेदनमध्ये तिन सय ४३ जनालाई फेला पारेर आफन्तको जिम्मा लगाइएको छ भने बाँकीको खोजी जारी रहेको छ।

ट्राफिक नियम उल्लंघनका घटनामा पनि प्रहरीले कडाइ गरेको छ। पछिल्लो ६ महिनामा १५ हजार छ सय ६७ सवारीसाधनलाई कारबाही गर्दै १ करोड २७ लाख १९ हजार ५०० रुपैयाँ राजस्व संकलन गरिएको छ।

अवैध नदीजन्य पदार्थ उत्खनन नियन्त्रणका क्रममा ५२ सवारीसाधन नियन्त्रणमा लिइएको छ। यसबाट छ लाख २५ हजार पाँच सय रुपैयाँ राजस्व संकलन गरिएको प्रहरीले जनाएको छ।

प्रहरीको सक्रियतासँगै फरार प्रतिवादी नियन्त्रण, लागुऔषध नियन्त्रण र ट्राफिक व्यवस्थापनमा सुधार आएको दाबी गरिएको छ।

पुल निर्माण सुस्त, छ वर्षमा ७० प्रतिशत मात्र

काँक्रेविहार संवाददाता
हुम्ला, २९ चैत

डोल्पा र रुकुम पश्चिमको सिमानास्थित त्रिवेणीमा भेरी नदीमाथि निर्माणाधीन पक्की पुलको काम ६ वर्ष बितिसक्दा पनि ७० प्रतिशत मात्र सम्पन्न भएको छ।

ढिलाइका कारण भेरी कोरिडोर सडक र आसपासका विकास आयोजना प्रभावित बनेका छन्। जगदुल्ला जलविद्युत कम्पनी लिमिटेडले २०७७ साल साउनमा करिब १५ करोड रुपैयाँ लागतमा एक सय मिटर लामो पुल निर्माणका लागि ठेक्का आह्वान गरेको थियो।

क्याराभान कन्ट्रक्सनले १४ करोड १७ लाख रुपैयाँमा ठेक्का लिए पनि काम अघि नबढाई जिम्मा स्थानीय रेट्रो ट्रेक कन्ट्रक्सनलाई हस्तान्तरण गरेको थियो।

हस्तान्तरण पछि पनि बर्खा, जग्गा विवाद र कोभिड-१९ महामारीका कारण निर्माण कार्य वर्षौंसम्म अलपत्र परेको थियो।

विभिन्न निकायको दबाबपछि हाल निर्माण कम्पनीले कामलाई केही तीव्रता दिएको छ। रेट्रो ट्रेक कन्ट्रक्सनका प्रोप्राइटर बादल बुढाका अनुसार हालसम्म ७० प्रतिशत काम सम्पन्न भएको छ र असार मसान्तसम्म ९० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ।

मुआब्जा विवाद समाधान भएपछि २०८२ कात्तिकपछि कामले पुनः गति लिएको उनले बताए। उनका अनुसार वर्षायाममा भेरी नदीको उच्च बहाव र हिउँदयाममा मात्रै काम गर्न सकिने अवस्थाले पनि ढिलाइ भएको हो।



अब कुनै अवरोध नआए २०८३ सालको दशैंसम्म पुल सम्पन्न गर्ने लक्ष्य राखिएको छ। पुल निर्माणमा भएको ढिलाइले एक सय छ मेगावाट क्षमताको जगदुल्ला जलविद्युत आयोजनामा समेत प्रत्यक्ष असर परेको छ।

निर्माण सामग्री ढुवानीमा समस्या हुँदा आयोजनाको काम प्रभावित भएको जनाइएको छ। हाल आयोजनाले त्रिवेणीमा ह्यूम पाइप राखेर अस्थायी सडक सञ्चालन गरिरहेको छ।

ड्यामसम्म सडक विस्तारका लागि पुल आवश्यक भए पनि पुल नबन्दै अधिकांश सडक निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

केही स्थानमा बेलिब्रिज निर्माण भइरहेको छ भने मुड्केचुलाको नर्कुदेखि ओक्टसम्म सडक निर्माण जारी छ। कडा चट्टानी भूभागमा नेपाली सेनाले सडक निर्माणको जिम्मा लिएको छ।

तर त्रिवेणीमा पुल नबन्दा समग्र सडक सञ्जालले पूर्णता पाउन सकेको छैन। पुल निर्माण छिटो सम्पन्न भए सम्पूर्ण सडक सञ्जाल जोडिने र जलविद्युत आयोजनाको काम सहज हुने अपेक्षा गरिएको छ।

सुदूरपश्चिमको दोस्रो पञ्चवर्षीय योजना अन्तिम चरणमा

काँक्रेविहार संवाददाता
धनगढी, २९ चैत

सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८३-८४ देखि २०८७-८८) निर्माण अन्तिम चरणमा पुगेको छ।

प्रदेश नीति तथा योजना आयोगले तयार गरेको मस्यौदामाथि धनगढीमा आयोजित कार्यक्रममा सरोकारवालाबाट सुझाव संकलन गरिएको छ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहको अध्यक्षतामा सम्पन्न छलफलमा प्रमुख सचिव बैकुण्ठ अर्यालले योजना मस्यौदा प्रस्तुत गरे।

कार्यक्रममा मन्त्रिपरिषद् सदस्य तथा प्रदेशसभा सदस्यहरूले मस्यौदामाथि विभिन्न सुझाव राखेका छन्। छलफलका क्रममा प्रदेशसभा सदस्यहरूले उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन, प्राथमिकता अनुसार बजेट विनियोजन गर्न र गौरवका योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका छन्।

साथै, आर्थिक वृद्धि हासिल गर्न संघीय र प्रदेशस्तरमा स्रोत परिचालन सुदृढ बनाउनुपर्ने सुझाव पनि प्रस्तुत गरिएको छ।

मस्यौदामा कृषि, पर्यटन, उद्योग तथा मूल्यशृङ्खला विकासमार्फत रोजगारी सिर्जना र दिगो आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएको छ।

यातायात, ऊर्जा, सिँचाइ, खानेपानी, डिजिटल तथा शहरी-ग्रामीण पूर्वाधार विकासलाई पनि प्राथमिकतामा राखिएको छ।

त्यसैगरी गुणस्तरीय स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा तथा रोजगारीमा समान पहुँच सुनिश्चित गर्दै मानव विकासमा जोड दिइएको छ। प्राकृतिक स्रोत व्यवस्थापन, जैविक विविधता संरक्षण र जलवायु अनुकूल विकासलाई समेत योजनामा समेटिएको छ।

योजनाले सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित, पारदर्शी र परिणाममुखी बनाउने तथा संस्थागत क्षमता विकासमार्फत सुशासन प्रवर्धन गर्ने लक्ष्य लिएको छ।

साथै, विपद् जोखिम न्यूनीकरण र सुरक्षित पूर्वाधार विकासलाई पनि प्राथमिकतामा राखिएको छ। नीति तथा योजना आयोगका उपाध्यक्ष डा. जीवन रानाका अनुसार उत्पादन वृद्धि, गरिबी न्यूनीकरण, रोजगारी सिर्जना, दिगो पूर्वाधार विकास र प्रविधिमैत्री प्रदेश निर्माण यस योजनाका मुख्य उद्देश्य रहेका छन्।

घट्दै गएका वनस्पतिको संरक्षण

काँक्रेविहार संवाददाता
सल्यान, २९ चैत

वनस्पति अनुसन्धान केन्द्रले पाँच सय ५१ प्रजातिका वनस्पति संरक्षण गर्दै आएको जनाएको छ।

तीमध्ये २० प्रजाति दुर्लभ वनस्पतिका रूपमा सूचीकृत रहेका छन्, जसले जैविक विविधता संरक्षणमा केन्द्रको भूमिका महत्वपूर्ण रहेको देखाउँछ।

केन्द्रले स्थानीय तथा बाह्य क्षेत्रबाट सङ्कलन गरिएका बिरुवालाई संरक्षण गर्दै आएको छ। विशेष गरी लोपोन्मुख र जंगली अवस्थामा घट्दै गएका प्रजातिहरूलाई प्राथमिकताका साथ संरक्षण गर्दै आएको छ।

संरक्षण गरिएका वनस्पतिमध्ये



करिब आधा देशका विभिन्न स्थानबाट ल्याइएका हुन् भने केही शोभनीय र अनुसन्धानात्मक महत्वका प्रजाति विदेशबाट समेत संकलन गरिएको छ।

केन्द्रका प्रमुख डा. मित्र पाठकका अनुसार वनस्पति संरक्षणसँगै औषधीय तथा आर्थिक महत्वका बिरुवाको उत्पादन र विस्तारमा पनि जोड दिइएको छ।

वनस्पति उद्यानभित्रको मुख्य नर्सरीका साथै मुलपानी, लुहाम र दहखोलामा रहेका नर्सरीमार्फत विभिन्न प्रजातिका बिरुवा उत्पादन हुँदै आएको छ ।

कपुरकोट गाउँपालिका-३, मुलपानीमा अवस्थित करिब ५.५ हेक्टर क्षेत्रफलमा फैलिएको वनस्पति उद्यान अहिले प्राकृतिक तथा शैक्षिक गन्तव्यका रूपमा विकास हुँदै गएको छ।

यहाँ अध्ययन, अनुसन्धान र अवलोकनका लागि विद्यार्थी, अनुसन्धानकर्ता तथा विज्ञहरू आउने क्रम बढ्दो छ।

जिल्लाभित्रका विद्यालयका विद्यार्थीहरूले जडीबुटीको पहिचान, औषधीय गुण तथा संरक्षणका विषयमा जानकारी लिन अध्ययन भ्रमण गर्ने गरेका छन्।

केन्द्रका अनुसार हरेक वर्ष करिब १० हजार आगन्तुक यहाँ पुग्ने गरेका छन्। चालू आर्थिक वर्षमा मात्र हालसम्म करिब पाँच हजार आगन्तुक पुगेका छन्, जसमध्ये एक हजार आठ सय भन्दा बढी विद्यार्थी रहेका छन्।

उद्यानभित्र बोटानिकल गार्डेनसँगै हिमालको आकृति निर्माण गरिएको छ, जसले पर्यटकलाई थप आकर्षित गरेको छ। प्राकृतिक वातावरणमै विभिन्न प्रजातिका वनस्पति नजिकबाट अवलोकन गर्न पाइने भएकाले आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्दै गएको छ। यसैबीच वनस्पति विभागको ६६ औँ वार्षिकोत्सव तथा २७ औँ वनस्पति दिवसको अवसरमा विभिन्न कार्यक्रम आयोजना गरिने भएका छन्।

"समृद्धिका लागि वनस्पति" भन्ने मूल नाराका साथ दिवस मनाइँदैछ। शनिबार कपुरकोटमा "टिमुर कप" ब्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको छ भने आइतबार अन्तर माध्यमिक विद्यालयस्तरीय कविता प्रतियोगिता आयोजना गरिने केन्द्रले जनाएको छ।

संसद् चलाउने 'गाइडलाइन' बनाउँदै ६ दलका सांसद

काँक्रेविहार संवाददाता
काठमाडौं, २९ चैत

प्रतिनिधिसभाको कामकारबाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन 'प्रतिनिधिसभा सञ्चालन नियमावली' निर्माणको काम अन्तिम चरणमा पुगेको छ। नयाँ नियमावली तर्जुमाका लागि गठित मस्यौदा समितिको बैठक आइतबार पनि सिंहदरबारमा बसिरहेछ।

गणेश पराजुलीको सभापतित्वमा गठित १५ सदस्यीय समितिले संसद् सञ्चालनका लागि आवश्यक संशोधन र नयाँ प्रावधानहरूबारे दफावार छलफल गरिरहेको छ। बैठकमा समितिका सदस्यहरूले संसदीय प्रक्रियालाई थप पारदर्शी र समसामयिक बनाउन विभिन्न



अध्यायहरूमा संशोधन प्रस्ताव पेस गरेका छन्।

मस्यौदा समितिमा ६ दलकै सांसदहरू छन्।

संसदीय व्यवस्थामा नियमावलीले प्रतिनिधिसभाको बैठक कसरी बस्ने, कति बेला बस्ने र बैठकमा कुन विषयलाई कति समय दिने भन्ने कार्यविधि यसैले तय गर्छ। सभामुखको भूमिका, सांसदहरूको अधिकार र मर्यादा तथा बैठकको कार्यसूची निर्धारणमा यसले मार्गदर्शन गर्दछ।

यो नियमावलीले संसदीय समितिहरूको कार्यक्षेत्र तोक्ने, कानुन निर्माणको प्रक्रियालाई नियमन गर्ने र सरकारलाई संसद्प्रति उत्तरदायी बनाउन 'प्रश्न-उत्तर' लगायतका विशेष व्यवस्थाहरूको सुनिश्चितता गर्छ।

समिति गठन भएलगत्तै मस्यौदा तयार पार्ने कामले तीव्रता पाएको छ। बैठकमा सदस्यहरूको सक्रिय सहभागिता रहेको र छिट्टै अन्तिम मस्यौदा प्रतिनिधिसभामा पेस गरिने तयारी छ। नियमावली पारित भएपछि नयाँ संसद्को कार्यसञ्चालन थप परिष्कृत र व्यवस्थित हुनेछ।

कर्णाली उत्सवमा उद्यमीको अनुभव : 'अवसर यहीँ छ, तर सरकारी संयन्त्र बाधक'

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २९ चैत



कर्णाली उत्सवको सातौँ संस्करणको दोस्रो दिन 'उद्यमको उडानः स्थानीय उद्यमीका सुख-दुख' शीर्षकको सत्रमा कर्णालीका सफल उद्यमीहरूले कर्णालीमा अथाह सम्भावना भए पनि झन्झटिलो सरकारी प्रक्रिया, गुणस्तरीय कच्चा पदार्थको अभाव र राज्यको उदासीनताले उद्यमीहरूलाई निरुत्साहित गरिरहेको बताएका छन् । आफ्ना भोगाइ, चुनौती र सम्भावनाबारे गहन छलफल गरेका उनीहरुले जोखिम मोलेरै भएपनि आफ्नै ठाउँमा केही गर्न खोजेको बताए । उनीहरुले कच्चा पदार्थदेखि सरकारी झन्झटसम्म व्यहोर्नु परेको तितो यथार्थ सुनाए वक्ता मध्येका होटल व्यवसायी पोषण रेग्मीले काठमाडौँमा मासिक ५० हजारको जागिर छोडेर सुर्खेत फर्किएर १० जना कर्मचारीबाट सुरु गरेको व्यवसायमा ७० जनालाई जोड्न सफल भएको बताए । 'आफ्नै ठाउँमा सानो प्रभाव पार्न सकिन्छ भन्ने सोचेर फर्किएँ,' उनले भने, ' अहिले हामी चौथो आउटलेट खोल्ने तयारीमा छौं ।' उनले होटलका लागि आवश्यक पर्ने नेपाली उत्पादनको गुणस्तर स्थिर नहुँदा सेवा दिन गाह्रो भएको भएको बताए । कर्णालीका रैथाने बाली (चिनो, कागुनो, फापर) र खनिज पदार्थको ब्राण्डिङ गरी निर्यात गर्ने वातावरण मिलाउनुपर्नेमा उनले जोड दिए । होटल व्यवसायी रेग्मीले गुणस्तर र नियमित आपूर्तिको ग्यारेन्टी भए आफूहरू स्थानीय उत्पादन प्रयोग गर्न तयार रहेको बताए ।

यस्तै, रत्नपत्थर व्यवसायी सिला नेपालीले पाँच सय रुपैयाँ नहुँदा नर्स बन्ने सपना त्यागेर दुङ्गा बोक्ने काम गरेर उद्यमी बन्न सफल भएको अनुभुति सुनाइन । २०६६ सालमा उद्योग दर्ता गरेकी उनले भनिन्, 'दैनिक ३५ रुपैयाँ ज्याला पाउने डकर्मीको छोरीले त उद्यम गर्न सक्छु भने अरूले किन नसक्ने ? युवाहरूका लागि खाडी होइन, यहीँ स्वर्ग छ ।' जाजरकोट र कालीकोटमा दुर्लभ रत्नपत्थर भए पनि सरकारले खानीहरू बन्द गरिदिँदा कच्चा पदार्थ पाउन समस्या भएको नेपालीले बताइन यस्तै, सर्जिकल व्यवसायी कल्पना विष्टले कर्णालीका उद्यमीहरूले व्यवसाय गर्दा मुख्य निकै चुनौती झेल्नु परेको बताइन उनले सरकारी कार्यालयहरूमा फर्म दर्ता गर्न र सेवा लिन जाँदा भोग्नुपर्ने रुखो व्यवहार र झन्झटिलो प्रक्रियाले युवाहरूको उत्साह मार्ने गरेको विष्टको गुनासो छ । बैंकिङ कर्जामा पहुँचवालाको मात्रै हालिमुहाली अन्त्य गरी वास्तविक उद्यमीलाई सहुलियत ब्याजमा ऋण दिनुपर्ने र गाउँको जग्गाको पनि उचित मूल्यांकन हुनुपर्ने विष्टको माग छ । आधुनिक मेसिन र दक्ष जनशक्तिको अभावमा अन्तर्राष्ट्रिय बजारबाट आएको अर्डरसमेत पुरा गर्न नसकिएको उद्यमीहरूको अनुभव छ । सत्रको अन्त्यमा वक्ताहरूले सरकार र उद्यमीबिचको सहकार्यको खाडल हट्नुपर्नेमा जोड दिए । समग्रमा, कर्णालीका युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न उद्यमी-मैत्री वातावरण निर्माण गर्नु नै आजको मुख्य आवश्यकता रहेको उनीहरुले बताएका थिए ।

'कर्णालीको शिक्षामा 'डिजिटल' सोच र 'अर्गानिक' अभ्यासको खाँचो'

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २९ चैत



वीरेन्द्रनगरमा जारी कर्णाली उत्सवको सातौँ संस्करण अन्तर्गत शिक्षाको उकाली ओरोली सत्रका वक्ताहरूले कर्णालीको शैक्षिक अवस्था, चुनौती र आगामी बाटोबारे मन्थन गरेका छन् । कार्यक्रममा नीति निर्मातादेखि कार्यान्वयन तहका प्रतिनिधिहरूले शिक्षालाई प्रविधि र स्थानीय उत्पादनसँग जोड्नुपर्नेमा जोड दिए । कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले प्रदेश सरकारले शिक्षा क्षेत्रको दीर्घकालीन सुधारका लागि १० वर्षे शिक्षा योजना (रोडम्याप) निर्माण गरिरहेको बताए । उक्त योजना अन्तिम चरणमा रहेको पनि उनले बताए । 'आन्तरिक बसाइँसराइले दुर्गमका विद्यालय खाली हुने र सहरी क्षेत्रमा चाप बढ्ने समस्या बढ्दै गएको छ । संघीय शिक्षा ऐन र निजामती सेवा ऐन नआउँदा शिक्षक दरबन्दी मिलानमा जटिलता भएको अवस्था छ ।'

उनले कर्णालीलाई डिजिटल कर्णाली बनाउन इन्टरनेट र सूचना प्रविधिमा लगानी बढाइने दावी गरे । यस्तै, सुर्खेतको चौकुने गाउँपालिकाका अध्यक्ष खड्ग विकले स्थानीय तहमा गरिएका सुधारका प्रयासका बारेमा जानकारी गराएका थिए । उनले विद्यालयमा विद्यार्थीको आकर्षण बढाउन खेल सामग्रीको व्यवस्था र खानपानमा सुधार गरिएको दावी गरे । 'कक्षामा पढ्ने विद्यार्थीले पनि अक्षर नचिनेको भेटिएपछि क्षमता अनुसार समूह विभाजन गरी सिकाउने पद्धति सुरु गरिएको छ ।

विद्यालयमा जङ्क फुड पूर्णतः निषेध गरी स्थानीय उत्पादन (अर्गानिक खाजा) खुवाउने नीति कडाइका साथ लागू गरेका छौं । सबैभन्दा चुनौतीको विषय शिक्षकहरू राजनीतिक दलको कार्यकर्ता बन्ने र अभिभावक जिम्मेवार नहुने प्रवृत्ति बनेको छ ।'

यस्तै, मध्यपश्चिम विश्वविद्यालयका अनुसन्धान निर्देशनालयका कार्यकारी निर्देशक डा. पुष्पराज आचार्यले उच्च शिक्षा र रोजगारीको खाडलमाथि प्रश्न उठाए । विश्वविद्यालयबाट स्नातक गरेका ९० प्रतिशत विद्यार्थीको हातमा वैदेशिक रोजगारीका लागि पासपोर्ट हुनु चिन्ताको विषय रहेको उनले बताए । 'शिक्षक अभाव टार्न अन्तिम सेमेस्टरका विद्यार्थीलाई विद्यालयहरूमा इन्टर्नसिप गराउने नयाँ अवधारणा ल्याउनु पर्दछ । बजारको माग अनुसार इन्जिनियरिङ, कृषि र प्रविधि जस्ता विषयमा जोड दिँदै जब प्लेसमेन्टको वातावरण बनाउनतर्फ नीति निर्माताले ध्यान दिन आवश्यक छ ।' चन्द्रोदय माबि सुर्खेतकी प्रधानाध्यापक नमकली नेपालीले राज्यले तल्लो तहका कक्षालाई उपेक्षा गरिरहेको बताइन । अझै पनि छोरालाई निजी र छोरीलाई सरकारी विद्यालय पठाउने विभेद कायमै रहेको उनको भनाई छ । उनले विपन्न छात्राहरूलाई दिइने वार्षिक चार सय रुपैयाँ छात्रवृत्ति अत्यन्त न्यून भएकाले यसलाई बढाउन सरकारको ध्यानाकर्षण गराइन । सरकारी विद्यालयमा कम्प्युटर ल्याब, इन्टरनेट र दक्ष प्राविधिक जनशक्तिको चरम अभाव रहेको उनको गुनासो थियो । सत्रका वक्ताहरुले शिक्षालाई केवल साक्षरतामा मात्र सीमित नराखी यसलाई सीप, बजार र उत्पादनसँग जोड्नुपर्ने साझा निष्कर्ष निकालेका थिए ।

नव वर्ष २०८३ को

पावन अवसरमा सम्पूर्ण यात्रुवर्ग, सवारीधनी,
कर्मचारी एवम् सम्पूर्ण नेपाली दाजुभाइ
दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम्
उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं

रमेश खइका (सचिव) | फिरोज खइका (कार्यालय प्रमुख) | कमल खइका 'जुनी' (अध्यक्ष)

देउती नागरिक यातायात प्रा.लि.

वीरेन्द्रनगर, सुर्खेत

नयाँ वर्ष २०८३ को

पावन अवसरमा सम्पूर्ण यात्रुवर्ग, सवारीधनी,
कर्मचारी एवम् सम्पूर्ण नेपाली दाजुभाइ
दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम्
उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं

सुर्खेत काँक्रेविहार यातायात प्रा.लि.

वीरेन्द्रनगर, सुर्खेत

सम्पूर्ण छपाईका काम
एकै ठाउँमा

लेबल स्टिकर, ब्रोसर पम्प्लेट, क्लेन्डर, पोस्टर

सरकारी फारम, भौचर, चलानी, बिलबुक

पुस्तक, नोटबुक, डायरी, रिपोर्ट, म्यागेजिन, पत्रिका

आइडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर

GLOBAL OFFSET PRESS

offsetpressg@gmail.com
वीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ९८६६५६११४८

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)